# कसरी सुरक्षित रहने

## निम्न कुराहरुलाई ध्यान दिनुहोलाः

१. जीवन, लामो भएता पनि, वास्तवमा यो छोटो छ ।

२. त्यहाँ **स्वर्ग** छ जसलाई हामीले प्राप्त गर्न प्रयास गर्नुछ र **नर्क** लाई त्याग्नु छ ।

३. तत्कालै तपाई अन्नतमा हुनहुनेछ ।

४. स्वर्गमा तपाई असिम आनन्दमा अमरत्व अनुभव गर्नुहुनेछ त्यसको विपरित नर्कमा तिनीहरु आफ्नो दाँत किट्दै पिंडामा रोइकराइ गरिरहेका हुनेछन् ।

प्रभुले तपाईलाई विउझाउनु होस् र यो सत्य हो पापी भएर तपाई नाश मात्र हुनुहुनेछैन **तपाई पहिले नै नाश भइसक्नु भएको छ ।**

यदि तपाईले यो सत्यलाई चिन्न सक्नु भयो भने, येशुले भनेको यो कुरामा तपाईलाई साहस आउने छः 'किनभने मानिसको पुत्र हराएकालाई **बचाउँन** आएको हो ।' मति १८:११

'तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशु राख्ने छौ, किनभने उहाँले आफ्ना मानिसहरुलाई तिनीहरुका पापबाट बचाउनुहुनेछ ।' मति १:२१

## आफुलाई बचाउनुका लागि तपाईंले पश्चात्ताप गर्नुपर्छ ।

'.........**पश्चताप गर** किनभने स्वर्गको राज्य नजीक आएको छ ।' (मति.३:२)

'.......तर तिमीहरुले पश्चात्ताप गरेनौ भने तिमीहरु सबै त्यसरी नै नाश हुनेछौं । (लुका १३:३)

'यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनु भएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ ।' (प्रेरित १७:३०)

## वास्तविक पश्चात्ताप त्यसको फलबाट व्यक्त हुन्छ,

'यसकारण पश्चात्ताप सुहाउँदो फल फलाऔं ।' (मति ३:८)

**१ पापको लागि गहिरो सोक**

'किनभने इश्वरीय शोकले मुक्तिको निम्ति पश्चाताप उत्पन्न गर्छ, र त्यसमा पछुतो हुँदैन...................' (२ कोरन्थी,७:१०)

'म मेरो अधर्म स्वीकार गर्दछु, मेरो पापको निम्ति म दुःखित छु ।'(भजन ३८:१८)

## २ तोडिएको र पश्चातापी आत्मा

'चूर्ण हृदय भएकाहरु सबैका नजीक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरुलाई उहाँले बचाउनुहुन्छ ।'(भजन ३४:१८)

'तोडिएको आत्मा नै परमेश्वरको निम्ति वलिदान हो । हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाई तिरस्कार गर्नुहुन्न ।'(भजन ५१:१७)

'किनकी सदासर्वदा जीबित हुर्नुहुने उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, 'म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ ।' (यशै.५७:१५)

## ३ पाप स्वीकार गर्नु

पश्चात्तापी आत्माका साथ पाप स्वीकार गर्नुस् ।

'यदि हामीले आफ्ना पापहरु स्वीकार गर्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकी उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।' (१ युहन्ना १:९)

'र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट वप्तिस्मा लिन लागे । (मति ३:६)

## ४ सबैपाप त्याग

पापको पश्चात्ताप र पापलाई स्वीकार गर्नु मात्र पर्याप्त छैन, तर तपाईले सबै पाप **त्याग** गर्नुपर्छ

'दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभु तिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ ।

हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।'(यशै.५५:७)

'आफ्ना पापहरु लुकाउनेको उन्नति हुँदैन, तर जसले ती **स्वीकार गर्छ र त्याग्छ**, त्यसले कृपा पाउँछ ।' (हितोपदेश.२८:१३)

'......तिमीहरु मध्ये जसले आफुसित भएको सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन ।' (लुका १४:३३)

'.......जाऊ, अनि फेरि पाप नगर ।' (युहन्ना ८:११)

## ५ क्षमा गर्ने आत्मा

हामीले तिनीहरुलाई क्षमा दिनुपर्छ जो हाम्रो विरुद्धमा छन्, अन्यथा प्रभुले हामीलाई क्षमा गर्नुहुनेछैन

'हाम्रो अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं । किनकी तिमीहरुले मानिसहरुका अपराध क्षमा गऱ्यौ भने तिमीहरुका स्वर्गमा हुने पिताले पनि तिमीहरुलाई क्षमा गर्नुहुनेछ ।'(मति ६:१२,१४-१५)

'जव तिमीहरु प्रार्थना गर्न खडा हुन्छौं, तब कसैको विरुद्धमा तिमीहरुको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरुका पिताले पनि तिमीहरुका अपराधहरु क्षमा गरिदिउन ।(मुर्कस ११:२५)

'तिमीहरुले आफ्ना भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरुसँग त्यसै गर्नुहुनेछ ।' (मति १८:३५)

## ६ फिर्ता गर्नु

'चोरि गरिएको र अरुलाई धोका दिएर आर्जन गरेको चीज फिर्ता गर्नुपर्छ अथवा त्यस वरावरको नगद त्यसको मालिकलाई दिनुपर्छ ।

'......कोहीबाट अन्याय पूर्वक केही लिइएको छु भने म त्यसको चार गुणा फिर्ता गरि दिनेछु ।' ( लुका १९:८)

## ७. विश्वास

जव प्रार्थणा गर्दा तपाई पूर्ण हृदय समर्पण गर्नुहुन्छ तव तपाईले आफ्नो सम्पूर्ण पापको बोझ हलुका भएको अनुभव गर्नुहुनेछ। तब तपाईको हृदय पूर्णरुपमा शान्ति र आनन्दमा रहन्छ ।

'.........प्रभु येशुख्रिष्टमा विश्वास गर्नुहोस्, र तपाईले उद्धार पाउनुहुनेछ...........।'(प्रेरित १६:३१) 'विश्वास विना परमेश्वरलाई प्रसन्न पार्नु अंसम्भव छ। किनकी जो परमेश्वरको नजिक आउछ, त्यसले परमेश्वर हुनुहुन्छ र प्रभुलाई खोज्नेहरुलाई वहाले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।' (हिब्रु ११:६)

'......किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने हाम्रो विश्वास हो ।'(१युहन्ना ५:४)

यदि हामीहरुमा विश्वास छ भने उद्धार हुनका लागि गाह्रो छैन ।

‘प्रभु चाहनुहुन्छ कि कोही पनि नाश नहोस, तर सबै जनाले पश्चाताप गरुन् ।’ (२ पत्रुस,३:९)

येशुले भन्नुभयो, ‘..........म कहाँ आउनेलाई कुनै रितीले म त्याग्नेछैन ।’**(युहन्ना ६:३७)**

***-विलियम वार्निस***

# Contact:

Church of God
P.O. Box 19087
Phone No.(977) 975-100-9013
Maijubahal, Chabahil, KTM, Nepal
E-mail : churchofgodnepal@gmail.com
*www.churchofgod.net*